**आ.व. ०८०/८१ को नवौं बैठक**

आज मिति २०८० साल माघ ०५ गते शुक्रबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री अभिषेक घिमिरे | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ

लेखा सहायक श्री गोपाल भट्टराई

का.स. श्री कैलाश लिम्बु

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समिक्षा गर्ने सम्बन्धमा।

२. संशोधन गर्नुपर्ने आयोजनाहरुको सम्बन्धमा।

३. पाथीभरा याङवरक गाउँपालिकाको संघ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८० स्वीकृत गर्ने सम्बन्धमा।

४. आर्थिक सहयोग गर्ने सम्बन्धमा।

५. भलिबल खेलाडीलाई रकम भुक्तानी गर्ने सम्बन्धमा।

६. आर्थिक वर्ष २०७९/८० को अन्तिम लेखा परीक्षण गर्दा महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनले औल्याएको बेरूजु सम्बन्धमा ।

७. अद्यावधिक बेरूजुको अवस्था सम्बन्धमा ।

८. जोरढुङ्गे खानेपानी उपभोक्ता समिति, पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङलाई खानेपानीको पाईप उपलब्ध गराउने सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं.१**

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ.श्री अभिषेक घिमिरेबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-२**

प्रस्ताव नं.-२ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाको विनियोजन ऐन, २०८० को दफा-३ को उपदफा-३ बमोजिम स्वीकृत बजेटबाट एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५% भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्नु परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ भन्ने व्यवस्था अनुरुप आ.व. ०८०/०८१ को चौधौं गाउँसभाबाट पारित भएका नीति, कार्यक्रम तथा बजेटमा संशोधन गर्नुपर्ने (शसर्त बाहेक) भएको हुँदा, तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरु संशोधन गरि गाउँसभाबाट अनुमोदनको लागि पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**तपसिल**

| क स | खर्च शिर्षक | साविकको स्वीकृत शीर्षक | रकम रु हजारमा | संसोधित शीर्षक | रकम रु हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३११५९ | पशु सेवा शाखा भवन स्तरोन्नति | १६०० | प्रहरी चौकी ठेस गारो निर्माण थुम्बेदिनमा थप | १००० | |
| | | | | स्वास्थ्य चौकी भवन निर्माण, नाङखोल्याङमा थप | ६०० | |
| २ | ३११५९ | विभिन्न पूर्वाधार निर्माण साझेदारी | ४००० | विभिन्न पूर्वाधार निर्माण साझेदारी | २००० | |
| | | | | व्याक हो लोडर सञ्चालन कोष | ७०० | |
| | | | | श्रव्य दृष्य सहितको नागरिक वडापत्र(स्थानीय भाषामा समेत) | ५०० | |
| | | | | नयाँ प्रशासकीय भवनको रङरोगन बापतको रकम भुक्तानी | ८०० | |
| ३ | ३११२२ | निर्माण सामग्री प्रयोगशाला सामग्री खरिद | १५०० | पर्यटकीय प्रोफाइल निर्माण | ५०० | |
| | | | | आवधिक योजना निर्माण | १००० | |
| ४ | ३११२३ | फर्निचर्स तथा फिक्चर्स | ५००० | पर्यटकीय प्रोफाइल निर्माण | ५०० | |
| | | | | फर्निचर्स तथा फिक्चर्स | ३५०० | |
| | | | | आवधिक योजना निर्माण | १००० | |
| ५ | २२५२२ | वडास्तरीय अध्यक्षकप भलिबल प्रतियोगिता सञ्चालन | १००० | मर्मत सम्भार कोष | १००० | |
| ६ | २२५२२ | मा वि निमावि स्तरिय भलिवल खेलकुद | ५०० | कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि पोसाक वितरण | ५०० | |
| ७ | २२५२२ | विपन्न विद्यार्थीहरुका लागि पोषाक तथा शैक्षिक सामग्री वितरण | ८०० | कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि पोसाक वितरण | ८०० | |
| ८ | २२५२२ | वाल क्लव गठन | २०० | मेवाखा प्रहरी चौकी जस्तापाता लगाउने | २०० | |
| ९ | २२७११ | गर्भवति आमाहरुका लागि आयोडिन प्रोटिन कार्यक्रम | ८०० | गर्भवति आमाहरुका लागि आयोडिन प्रोटिन कार्यक्रम | ६०० | |
| | | | | गाउँपालिकाभित्र मिटरवक्स तथा कालोतार खरिद बाँकी रकम भुक्तानी | २०० | |
| १० | २२५२२ | सुत्केरीसँग उपाध्यक्ष | ७०० | सुत्केरीसँग उपाध्यक्ष | ५०० | |
| | | | | गाउँपालिकाभित्र मिटरवक्स तथा कालोतार खरिद बाँकी रकम भुक्तानी | २०० | |
| ११ | २२१११ | साबिक ६ मा सिचाइ र खानेपानी लागि पाइप खरिद | २०० | साबिक ६ मा सिचाइ र खानेपानी लागि पाइप खरिद तथा व्यवस्थापन | २०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | ३११७२ | पुँजिगत अनुसन्धान तथा परामर्श | ९०० | गाउँपालिका पार्किङ स्थल निर्माण | २५० |
| | | | | दुधिले गाउँघर क्लिनिक शौचालय निर्माण | १५० |
| | | | | पालिका भवन अघि खार्ने | ५०० |
| १३ | २२५२९ | सार्वजनिक सुनुवाई | ५०० | सार्वजनिक सुनुवाई | २०० |
| | | | | सिद्धकुमारी आ वि ठेस गारो निर्माण | ३०० |
| १४ | २२६११ | विद्यालय अनुगमन तथा सुपरीवेक्षण | ५०० | विद्यालय अनुगमन तथा सुपरीवेक्षण | २५० |
| | | | | गर्भवति आमाहरुका लागि मोबाइल टपअप | ३० |
| | | | | युवा आ वि टाट्ने घेराबार | १२० |
| | | | | चन्द्रकला इजमको घरको फुसको छाना हटाउने | ५० |
| | | | | संस्कृति प्रवर्धन | ५० |
| १५ | ३११२३ | मुनाल जनसाँस्कृतिक भवनको फर्निचर खरिद | २०० | मुनाल जनसाँस्कृतिक भवन झ्याल ढोका तथा फर्निचर निर्माण | २०० |
| १६ | ३११५९ | श्री लक्ष्मी आधारभुत विद्यालय घेराबारा तथा खानेपानी विस्तार | १००० | श्री लक्ष्मी आधारभुत विद्यालय घेराबारा तथा खानेपानी विस्तार | ९०० |
| | | | | फुसको छाना हटाउने कार्यक्रम | १०० |
| १७ | २५३१४ | च्याब्रुङ खरिद | २०० | च्याब्रुङ निर्माण | २०० |
| १८ | ३११५९ | गाउँपालिका प्रशासकीय भवनमा टायल्स/मार्वल निर्माण | १००० | नयाँ वडा कार्यालय भवन निर्माण तथा मर्मत वडा नं २ मा थप | १००० |
| १९ | ३११५९ | मर्मत सम्भार कोष | ८५० | मर्मत सम्भार कोष | ८०० |
| | | | | फुसको छाना हटाउने कार्यक्रम | ५० |
| २० | ३११५९ | सिद्धेश्वरी मा वि रंग रोगन तथा ठेस गारो निर्माण | ४०० | सिद्धेश्वरी मा वि जस्तापाता | ४०० |
| २१ | २२१११ | विपन्न नागरिक विद्युत जडान | १०० | खेलकुद कार्यक्रम | १०० |
| २२ | ३११५९ | पहिरो जोखिम सडकमा ग्याविन जाली निर्माण | ३०० | पहिरो जोखिम सडकमा ग्याविन जाली निर्माण | २०० |
| | | | | खानेपानी तथा सिचाइ पाइप खरिद | १०० |
| २३ | २११११ | पारिश्रमिक कर्मचारी | २०००० | पारिश्रमिक कर्मचारी | १८३०० |
| | | | | क्षमता विकास योजना निर्माण | ५०० |
| | | | | सदगयमलाई आर्थिक सहयोग | ५०० |
| | | | | सेवाग्राही सन्तुष्टि सर्वेक्षण | ५०० |
| | | | | महर्गी भत्तामा थप | २०० |
| २४ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १५० | कर्मचारी प्रोत्साहन भत्ता | १५० |
| २५ | २११३९ | अन्य भत्ता | १५० | अन्य भत्ता | ५० |
| | | | | कर्मचारी प्रोत्साहन भत्ता | १०० |
| २६ | २२११२ | सञ्चार महसुल | १६२५ | सञ्चार महशुल | ११२५ |
| | | | | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | ५०० |
| २७ | २२५११ | राजस्व मोड्युलसम्बन्धी तालिम | ३०० | राजस्व मोड्युल सम्बन्धी तालिम | १०० |
| | | | | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण | २०० |
| २८ | २२५१२ | शेयर तथा लगानी व्यवस्थापन सम्बन्धी तालिम | ८०० | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण | ३०० |
| | | | | SOP(Standard Operating Procedure) निर्माण | ५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९ | २२५२९ | ढाका उत्पादनको लागि रोले तानसेटको ड्रुम मेशिन खरिद | ४५० | ढाका उत्पादनका लागि रोले तानसेटको ड्रुम मेशिन खरिद तथा तालिम प्रदान | ४५० | |
| | | जम्मा | ४५०७५ | जम्मा | ४५०७५ | |

**निर्णय नं.-३**

प्रस्ताव नं.-३ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाको संघ संस्थाहरुलाई व्यवस्थित साथै नियमन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ को दफा-११(ठ) मा व्यवस्था भए बमोजिम संघ संस्था दर्ता तथा नियमन सम्बन्धी कानून बनाउन आवश्यक देखिएकोले "संघ संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक, २०८०" लाई आवश्यक संशोधन सहित पारित गरी अनुमोदनको लागि आगामी गाउँसभामा पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-४**

प्रस्ताव नं.-४ माथी छलफल गर्दा यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोष अन्तर्गत आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

<u>तपसिलः</u>

| क्र.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कर्ण कुमार राई | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ । | २००००।- | |
| २ | सृष्टी गुरुङ | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ | ३००००।- | |
| ३ | अरुना राई | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ | २००००।- | |
| ४ | चन्द्र माया सिवाकोटी | पाथीभरा याङवरक-६, थुम्वेदिन, ताप्लेजुङ | ३००००।- | |
| ५ | देउ प्रसाद थेवे | पाथीभरा याङवरक-६, थुम्वेदिन, ताप्लेजुङ । | ३००००।- | |

**निर्णय नं.-५**

प्रस्ताव नं.-५ माथी छलफल गर्दा यस गाउँपालिकामा युवा खेलाडीहरुको भलिबल प्रतिको मोह बढीरहेको साथै भलिबल खेलाडीहरुमा व्यवसायिकताको मानसिकता विकास भईरहेको पाइएकोले गाउँपालिकाभन्दा बाहिरको म्याचमा प्रथम या द्वितीय उपाधी हासिल गरी ट्रफी पालिकामा बुझाएमा गत विगत समयदेखि नै रु.५०,०००।— प्रोत्साहनस्वरुप उपलब्ध गरिएकोमा यस पटक पाँचथर जिल्लाको हिलिहाङ गाउँपालिका वडा नं.-२, काबेली बजारमा लागेको माघेनी मेलामा भएको वडा स्तरीय भलिबल प्रतियोगितामा यस पाथीभरा याङवरक गाउँपालिकाको वडा नं.-६ बाट भलिबल खेलाडीहरु सहभागी भई द्वितीय स्थान हासिल गरी ट्रफी पालिकामा प्राप्त भएकोले उक्त टिमलाई यो बैठक बधाई तथा शुभकामना दिदैं सहभागी हुँदाको बखत लागेको खानाबास खर्च वापतको रकम रु. ५०,०००।—(अक्षरेपी पचास हजार मात्र।) अन्य खेलकुद शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं.-६**

प्रस्ताव नं.-६ माथी छलफल गर्दा महालेखा परिक्षकको कार्यालयबाट भएको लेखापरीक्षण बमोजिम यस गाउँपालिकाको आ.व. २०७९/०८० को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका नियमित गर्ने बेरूजुका सम्बन्धमा तपसिल बमोजिमका बेरूजु उपर लगत कट्टाका लागि भएको निर्णयहरुलाई सर्वसहमतिले पारित गरी आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

<u>तपसिलः</u>

| बे.द.नं. | बेरूजु विवरण | रकम | बेरूजु फछ्यौट व्यहोरा | रकम | फछ्यौट गर्ने जिम्मेवारी व्यक्तिको नाम |
|---|---|---|---|---|---|
| ३२ | विविध कोष खाता अन्तर्गतनेपाल दुर सञ्चार प्राधिकरणले ग्रामिण दुर सञ्चार कोष प्रयोग गरी भूकम्पवाट अति प्रभावित ८ जिल्ला र उपत्यका बाहेकका ६६ जिल्लाहरुका सबै सामुदायिक आधारभुत विद्यालयहरुमा ब्रोडव्याण्ड इन्टरनेट | २५१२३०० | भुकम्पबाट अति प्रभावित ८ जिल्ला बाहेक ६६ जिल्लाहरुका सबै सामुदायिक आधारभुत विद्यालयहरुमा ग्रामिण दुरसञ्चार कोष प्रयोग गरी बोर्डव्याण्ड इन्टरनेटको पहुँच पुर्याउने सम्बन्धी कार्यविधि २०७८ बमोजिम उल्लेखित काम गर्न | २५१२३०० | अभिषेक घिमिरे प्र.प्र.अ. |

| | | | | | |
|---|---|---|---|---|---|
| | सेवा जडान तथा सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत यस पालिका र प्राधिकरण बिच भएको सम्झौता अनुसार यो वर्ष पालिकालाई पहिलो चरणको लागि रु.२५,१२,६००। प्राप्त भएकोमा पालिकाले ३४ विद्यालयमा रु.७३,९००। का दरले रकम निकासा गरेको छ। पहिलो चरणमा उपकरण र एक वर्षको महशुल तथा दोश्रो चरणमा थप एक वर्षको महशुल उपलब्ध गराउने गरि गरिएको सम्झौतामा सेवा प्रदायकको नियुक्ति सम्बन्धित स्थानीय तहले नेपाल दुर सञ्चार प्राधिकरणवाट उक्त सेवा प्रदान गर्न अनुमति पाएका सेवा प्रदायकवाट प्रतिष्पर्धात्मक तरिकाले छनौट गर्ने, सेवाको गुणस्तर अनुगमन गरी प्राधिकरण लाई जानकारी दिने, उपकरणको अभिलेख राख्ने र दोश्रो चरण पश्चातको खर्च स्थानीय तहले व्यवस्था गर्नु पर्ने गरि सम्झौता गरेको देखियो। त्यसैगरी प्राधिकरणले सेवा प्रदायकको नेटवर्क अपरेशन सेन्टरको जडान विवरण लिई जडानको एकिन गर्ने उल्लेख भएको पाईयो। यसरी संम्झौता गरेता पनि विना प्रतिस्पर्धा नै उक्त कार्य सांग्रिला ईन्फरमेटिक प्रा.लि.ले सम्पन्न गरि सबै विद्यालयवाट पालिकाले उपलब्ध गराएको रकम छुट्टाछुट्टै भुक्तानी गरेको देखियो। यसमा संम्झौतामा व्यवस्था गरिएको खरिद विधि छनौट प्रकृया पालना नभएको, जडान भएको उपकरण र गुणस्तरको सम्बन्धमा पालिकावाट अनुगमन गरि सुनिस्वित नगरिएको, प्राधिकरणले सेवा प्रदायकको नेटवर्क अपरेशन सेन्टरको विवरण लिई जडान र उपकरण तथा सेवाको गुणस्तरको निरीक्षण गर्नु पर्ने उल्लेख भएकोमा उल्लेखित प्रमाणहरु विना नै विद्यालयहरुले उक्त रकम सेवा प्रदायकलाई भुक्तानी गरेका छन। लेखापरीक्षणको क्रममा उक्त प्रमाणहरु पेश हुन नसकेकोले उक्त सेवाको लागि गरिएको खर्चवाट संम्झौता अनुसारको गुणस्तरीय सेवा सञ्चालन भएकोमा यकिन हुन सक्ने आधार नरहेको हुँदा उक्त प्रमाण सहित नियमित हुनु पर्ने रु. | | नेपाल दुरसञ्चार प्राधिकरणबाट सूचना प्रकाशन भई नेपाल दुरसञ्चार प्राधिकरणबाट नै सेवा प्रदायक छनौट गरी तोकिएको सामुदायिक विद्यालयमा सेवा जडान गर्ने कार्य भएको हो । सामुदायिक आधारभूत विद्यालयहरूको लागि ब्रोडव्याण्ड इन्टरनेटको माध्यमबाट विद्यालयहरूमा आधारभुत सूचना संम्प्रेषण, गुणस्तरीय, प्रविधिमैत्री शिक्षा दिने उद्देश्यले सार्वजनिक खरिद ऐन र नियमावलीको परिधि भित्र रहि नेपाल दुरसञ्चार प्राधिकरण केन्द्रीय स्तरबाट खरिद विधि छनौट प्रक्रिया अगाडी बढाई नेपाल टेलिकम र सांग्रिला ईन्फरमेटिक प्रा.लि. सोहि सम्झौता बमोजिम सामाग्रीहरूको गुणस्तर परीक्षण नेपाल दुरसञ्चार प्राधिकरण र नेपाल टेलिकमले गरी सो प्रा.लि.लाई अनुमति पत्र दिई काम अगाडी बढाएको हो । यस पालिका अन्तर्गत सामुदायिक आधारभूत विद्यालयहरू सँग सांग्रिला ईन्फरमेटिक प्रा.लि. बिच सम्झौता गरी इन्टरनेट जडान पश्चात नेपाल दुर सञ्चार प्राधिकरणले गाउँपालिकामा प्राप्त रकम गाउँपालिकाले सबै सामुदायिक विद्यालयलाई भुक्तानि गरी सकिएको हुनाले र विद्यालयहरूमा जडान गरिएको ब्रोडव्याण्ड इन्टरनेट सेवा 4G नेटवर्क भएको साथै यो कार्यक्रम पाथीभरा याङवरक गाउँपालिकाले आफ्नो स्वीकृत बार्षिक बजेटबाट नगरिएको सेवा प्रदायक समेत नेपाल दुर सञ्चार प्राधिकरणबाट छनौट गरीएको हुँदा गाउँपालिकाले एउटा समन्वयकारी भूमिका निर्वाह गरेको हो। यसको थप गुणस्तरियता कायम गर्न साङग्रीला कम्पनी, नेपाल टेलिकमसँग गाउँपालिका निरन्तर समन्वय गरिरहेको छ। विद्यालयहरूमा इन्टरनेट संचालन भई सोहि इन्टरनेटको माध्यमबाट प्रविधिमैत्री शिक्षा प्रदान गर्दै आइरहेकोले बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । | | |
| ३४ | विधुत, खानेपानी तथा टेलिफोन महशुल जस्ता अनिवार्य प्रकृतिका मासिक रुपमा गर्नु पर्ने उपभोग वापतको भुक्तानीमा जरिवना नतिर्ने बरु छुट लिने गरी समयमै विल भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ । पालिकाले नेपाल विधुत प्राधिकरणलाइ विधुत खपत वापतको गो भौ नं २३।०७९।७।२० बाट आश्विन र कार्तिक महिनाको महशुल रकम रु १६६५६८।०० भुक्तानी गर्दा ५ देखि २५ प्रतिशतसम्म थप हर्जना वापत रु ९६८४।०० भुक्तानी गरेको देखियो । पालिकाले समयमै विल भुक्तानी नगर्दा थप दायित्व सिर्जना हुने भएकोले समयमै विल भुक्तानी गरी रिबेट लिने तर्फ ध्यान दिनु पर्दछ। यसरी थप दायित्व श्रृजना हुने गरी गरेको विल भुक्तानी नियमित नदेखिएको रु | ९६८४ | विधुत, खानेपानी तथा टेलिफोन महशुल जस्ता अनिवार्य प्रकृतिका मासिक रुपमा गर्नु पर्ने उपभोग वापतको भुक्तानीमा जरिवना नतिर्ने बरु छुट लिने गरी समयमै विल भुक्तानी दिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था रहेकोमा नेपाल विधुत प्राधिकरणको खाता नम्बर लक्ष्मी बैंक नभएर अन्य बैंको भएको हुँदा वील भुक्तानको लागि चेक लिएर जिल्ला सदरमुकाममै जानु पर्ने बाध्यात्मक परिस्थितिले गर्दा केहि समय ढिला हुन पुगेको हो । चालु आ व देखि गाउँपालिकाले एकमुस्ट रुपमा नेपाल विधुत प्राधिकरणलाई महशुल अग्रिम भुक्तानी गरी छुट लिने र हर्जना नआउने व्यवस्था मिलाईएको हुँदा हुनाले बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । | ९६८४ | अभिषेक घिमिरे प्र.प्र.अ. |
| ५६ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कारवाहीको तयारी गर्दा आवश्यकताको पहिचान गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष माटो परिक्षणको लागि मिनि ल्याव स्थापना कार्यक्रम अन्तर्गत उर्वरा भेन्चर ललितपुरबाट मिनि ल्याव सामग्री र रि-एजेन्ट गरी जम्मा रु.५९८०००। को खरिद | ५९८००० | पाथीभरा याङवरक गाउँपालिका कृषिमा आश्रित जनसङ्ख्या धेरै भएको गाउँपालिका हो । कृषकको अधिक माग र आवश्यकतालाई सम्बोधन गर्न गाउँपालिकाले कुन माटोमा कुन उत्पादन हुन्छ माटो सुहाउदो खेती प्रणाली अवलम्बन गर्न र कृषकको आम्दानीलाई बढावा दिई कृषिमा आत्मनिर्भर बन्नको लागि यो कार्यक्रम गरिएको हो । तथापि | ५९८००० | अभिषेक घिमिरे प्र.प्र.अ. |

| | | | | | |
|---|---|---|---|---|---|
| | गरेको देखियो । तर पालिकामा दक्ष जनशक्तिको अभावमा लेखापरीक्षण अविध सम्म उक्त मिनि ल्याव सञ्चालनमा आएको छैन भने माटो परिक्षण सम्वन्धी कुनै पनि काम सुरु भएको देखिएन । कुनै खरिद कारवाहीको तयारी गर्दा सार्वजनिक निकायले आवश्यकताको पहिचान तथा उपयोग गर्न सक्ने क्षमताको पनि लेखाजोखा गरी गर्नुपर्नेमा सो भएको देखिएन । यसरी पालिकामा उपयोगमा नआउने सामग्री तथा रि-एजेन्ट खरिद गरी वढी व्ययभार पारेको अनियमित देखिएको रु... | | गाउँपालिकाले मिनि ल्याब स्थापना गर्न ढिला भएको नै हो । गाउँपालिकामा उपलब्ध कृषि शाखामा काम गर्ने प्राविधिक कर्मचारीलाई तालिममा पठाई जनशक्तिको व्यवस्थापन गरी ल्याब सञ्चालन गर्ने सोच रहेको थियो । महालेखा परीक्षकको प्रारम्भिक प्रतिकिया प्राप्त भए पछि यस सम्वन्धमा पालिकाबाट मिनि ल्याव स्थापना गरी नियमित सञ्चालन गर्न कृषि शाखामा कार्यरत कृषि प्राविधिक सुर्य कुमार भट्टराईलाई मिति २०८०/०६/०७ देखि २०८०/०६/१० सम्म माटो तथा मल परीक्षण प्रयोगशाला झुम्का सुनसरी प्रयोगात्मक अभ्यास तालिममा पठाई हाल मिनिल्याब संचालनमा आएको हुँदा बेरूजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो । | | |
| | **जम्मा** | ३१२०२८४ | **जम्मा** | ३१२०२८४ | |

**निर्णय नं.-७**

प्रस्ताव नं.-७ माथी छलफल गर्दा महालेखा परिक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षण बमोजिम यस गाउँपालिकाको आ.व. २०७३/०७४ देखि आ.व. २०७९/०८० को प्रारम्भिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भएका बेरूजुहरूको अद्यावधिक बाँकीको विवरण फरक पर्न गएकोले सो बेरूजुको विवरण अद्यावधिक गर्ने सम्बन्धमा तपशील बमोजिमका बेरूजु अद्यावधिक गर्नका लागि गरिएको तपसिल बमोजिमको निर्णयहरुलाई सर्वसहमतिले पारित गरी आगामी गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो।

**बेरूजु लगत तथा सम्परीक्षण विवरण**

| क्र.स. | आर्थिक बर्ष | असुल | नियमित गर्ने | पेश्की/प्रमाण पेश नभएको | जम्मा | सम्परीक्षण | | | बाँकी बेरूजु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मिति | च.नं. | रकम | |
| 1 | 2073/074 | 653793 | 12748120 | 1158000 | 14559913 | 2075/11/01 | 112 | 1184468 | |
| 2 | 2074/075 | 1155109.2 | 8309950 | 0 | 9465059.2 | 2077/03/20 | 609 | 12519153 | |
| 3 | 2075/076 | 654644.7 | 53465053.1 | 6830000 | 60949697.8 | 2078/05/04 | 205 | 64585885.8 | |
| 4 | 2076/077 | 0 | 504901 | 0 | 504901 | 2079/12/29 | 127 | 3023340 | |
| 5 | 2077/078 | 173485 | 657306 | 0 | 830791 | 2080/06/23 | | 7441492.23 | |
| 6 | 2078/079 | 4470180.12 | 5639190.23 | 0 | 10109370.35 | | | | |
| 7 | 2079/080 | 825147 | 3120284 | 7240195 | 11185626 | | | | प्रारम्भिक प्रतिवेदन |
| **जम्मा** | | **7932359** | **84444804.3** | **15228195** | **107605358.4** | | | **88754339** | **18851019.32** |

**निर्णय नं.-८**

प्रस्ताव नं.-८ माथी छलफल गर्दा पाथीभरा याङवरक गाउँपालिका वडा नं.-१, नाङखोल्याङ, ताप्लेजुङमा अवस्थित जोरढुङ्गे खानेपानी उपभोक्ता समितिको माग निवेदन र १ नं. वडा कार्यालय, नाङखोल्याङको सिफारिस पत्रानुसार मिति:२०८०/०१/२६ गते भएको आगलागीले त्यहा सञ्चालित खानेपानीको पाईप जलेर नष्ट भई खानेपानी अवरुद्ध भएको हुँदा, उक्त स्थानमा नँया पाईप तत्काल जडान गर्नु पर्ने स्थिति भएकोले प्राविधिकलाई स्थलगतरुपमा अनुगमन गर्न लगाई लागत अनुमानको आधारमा प्रकोप व्यवस्थापन कोषबाट व्ययभार हुने गरी पाइप खरिद गरी उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।